bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

सुपथ मुल्यमा पुर्वेली, पाल्पाली ढाकाटोपी, साडी, ब्याग आदि चाहिएमा हामीलाई सम्झनुहोस् ।
निखिल ढाका कपडा एण्ड सटिङ्ग सुटिङ्ग उद्योग
व्यास-१, २, दमौली । सम्पर्क : ९८४१८०००६१, ९८०६६७३३४४
साथै, इण्डियन, चाइनिज, नेपाली तथा ढाकाको कोट, सुट, दौरासुरूवाल, रेडिमेट तथा अर्डर अनुसार तयार गरिन्छ ।



# सोलारबाट उत्पादित विद्युत राष्ट्रिय प्रशारण लाइनमा जोडियो

## सरकारी र निजी क्षेत्रको सहभागितामा ऊर्जाको विकास सम्भव : ऊर्जामन्त्री भुषाल

**भञ्ज्याङ समाचारदाता/दमौली**

सौर्य विद्युत उत्पादनका लागि नेपालमा पहिलो सम्झौता गरिएको तनहुँको शुक्लागण्डकी नगरपालिका-५ वेलचौतारा सोलार फार्मबाट उत्पादित विद्युत राष्ट्रिय प्रशारण लाइनमा जडान गरिएको गरिएको आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने गरी पिपिए सम्झौता गरिएको छ । सन् २०१९ जुलाईमा विद्युत उत्पादन गर्ने लक्ष्य लिएपनि कोरोना कहरका कारण निर्माण कार्यमा ढिलाइ भएको बताइएको छ ।

निजी क्षेत्रबाट प्रथम विद्युत् पम्फा भुषालले शुभारम्भ गरेकी हुन् ।

सो अवसरमा मन्त्री भुषालले सरकारी र निजी क्षेत्रको सहभागितामा ऊर्जाको विकास सम्भव रहेको बताइन् । सरकारले ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकता दिएको बताउँदै उनले भनिन्, गरिएको र प्रदेश नम्बर २ मा २०० मेगावाट क्षमताको सोलार आयोजना निर्माण गर्ने निर्णय भएको बताइन् । गरिबीको रेखामुनि रहेका जनतालाई २० युनिटसम्म नि:शुल्क गर्ने निर्णय गरिएको र त्यसबाट २८ लाख परिवारका एक करोड ४० लाख जनता लाभान्वित हुने उनको भनाई छ ।



शुक्लागण्डकी नगरपालिका-५ वेलचौतारा स्थित सोलार फार्ममा जडान गरिएका सोलर प्यानल । यहाँ १३ हजार २९६ वटा प्यानल जडान गरी विद्युत उत्पादन शुरू भएको छ । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

विद्युत् दर महँगो रहेको उल्लेख गर्दै मन्त्री भुषालले यसलाई न्यूनीकरणका लागि सरकारले निर्णय गरेको मन्त्री भुसालले बताइन् । 'अब हाम्रो भान्सामा विद्युतीय चुलोको प्रयोग गरौँ, यसले हाम्रो अर्थतन्त्रको विकास हुन्छ', उनले भनिन्, 'सँगसँगै व्यापार घाटा पनि न्यूनीकरणमा सहयोग पुग्छ।'

जलाशययुक्त आयोजनालाई प्राथमिकता दिएको चर्चा गर्दै मन्त्री भुसालले प्रदेश नम्बर १ मा दूधकोशी, प्रदेश नम्बर २ मा सोलार, गण्डकी प्रदेशमा बूढीगण्डकी, लुम्बिनीमा नौमुरे, कर्णालीमा

छ । करिब ४२ करोड रूपैयाँको लागतमा तयार गरिएको सोलार फार्मबाट ५ मेगावट विद्युत उत्पादन गरी राष्ट्रिय प्रशारण लाइनमा जडान गरिएको हो ।

चार वर्ष अगाडि निर्माण शुरू बिक्री सम्झौता गर्ने सो कम्पनीबाट उत्पादित विद्युत् बेलचौतारा सवस्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । सौर्य ऊर्जा परियोजनाको मंगलबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री 'हामीसँग ठूलो स्रोत छ, तर सँगसँगै मिश्रित नीतिको ऊर्जामा पनि गएका छौँ ।'

मन्त्री भुषालले राज्यको तर्फबाट सातै प्रदेशमा जलाशययुक्त आयोजना उत्पादन गर्ने निर्णय नलसिंगाढ र सुदूरपश्चिममा पश्चिम सेती आयोजना निर्माणलाई प्राथमिकता दिइएको जानकारी गराइन् ।

शुक्लागण्डकी-५ वेलचौतारा

बाँकी तेश्रो पेजमा

# क्यामिन मावि व्यासको पहिलो शून्य पोलिथिन क्षेत्र घोषणा

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिका-७ कलेस्ती स्थित क्यामिन माध्यामिक विद्यालय व्यास नगरको पहिलो शून्य पोलिथिन क्षेत्र घोषणा गरिएको छ । नगरपालिका भित्र रहेका १२४ सामुदायिक तथा संस्थागत विद्यालय मध्ये यस विद्यालयमा मंगलबार कक्षा १ देखि कक्षा १२ सम्मका करिब ४०० विद्यार्थी र २० जना शिक्षक, शिक्षिकाहरूलाई प्रशिक्षित गराई विद्यालय हाता भित्र तथा वरिपरि छरिएका करिब २०



बोरा पोलिथिनजन्य पदार्थको संकलन गरिएको हो ।

वातावरणविद् निपेश ढाकाको नेतृत्वमा गएको सीम नेपालको टोलीसँग सम्पूर्ण विद्यार्थी र शिक्षकहरूले आगामी दिनमा पोलिथिनजन्य सामाग्रीको उचित व्यवस्थापन गर्नको लागि सामुहिक रूपमा कसम खाएका थिए। विद्यार्थीहरूले 'पोलिथिनजन्य सामाग्रीहरू जथाभावी विसर्जन नगरौं, 'पोलिथिन जलाउनु अपराध हो' लगायतका चेतनामुलक कार्यक्रम गरिएको थियो। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक सन्तोष न्यौपानेले विद्यालयलाई नगरपालिकाको पहिलो शून्य पोलिथिन क्षेत्रको रूपमा घोषणा गर्दा सम्पूर्ण विद्यार्थी र शिक्षक, शिक्षिका निकै हर्षित भएको बताए ।

सिम नेपालको आयोजना तथा व्यास नगरपालिकाको सहकार्यमा सुरू भएको यस अभियान मार्फत खुल्ला रूपमा फालिएका खाद्य वा अखाद्य वस्तुका खोल, तार तथा विद्युतिय सामाग्री, टायर, खेलौना, प्लाष्टिकका भाँडा, जुत्ताचप्पल, कपडा, बोरा, अपस्तालबाट निस्किएका फोहर लगायत सबै काम नलाग्ने पोलिथिनजन्य पदार्थ लाई संकलन गरी व्यवस्थापन गर्ने लक्ष्य लिइएको छ । यी काम नलाग्ने सबै वस्तु कृषि भुमी, खेतबारी, सडक तथा राजमार्ग, नदी, खोला, कुला, नहर तथा अन्य पानीका स्रोत, वनजंगल क्षेत्र, नीजि तथा सरकारी कार्यालय परिसर, सार्वजनिक ठाउँ, पाटी, घाट, देवस्थल लगायतका सम्पूर्ण भागमा संकलन गरेर यसको दिगो व्यवस्थापन गर्नु नै शुन्य पोलिथिन अभियान हो।

'जुटौं सारा गाउँ र शहर शुन्य पोलिथिन व्यास नगर' भन्ने नारा लिईएको यस अभियान माटो तथा पर्यावरणको संरक्षण र दिगो व्यवस्थापनमा जुट्न, नयाँ पुस्ताका लागि लक्षीत गरिएको छ । सन् २०१४ मा स्थापित सिम नेपाल संस्था स्थापनाकालदेखि नै नेपालका अधिकांश भौगोलिक, धरातलिय तथा विभिन्न समुदायमा वातावरण सम्बन्धी अध्ययन, अनुसन्धान र चेतनामुलक अभियान गर्दै आईरहेको यस संस्थाको पछिल्लो कार्यक्रम शून्य पोलिथिन अभियान हो । रूपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकाको सफलतापछि व्यास नगरपालिकामा सुरू भएको यस अभियान राष्ट्रिय तहमा अघि बढाउने दृढ संकल्प लिईएको छ । पोलिथिनजन्य सामाग्रीको दीर्घकालिन व्यवस्थापनमा जुट्ने संस्कारको विकास गराउने लक्ष्य यस अभियानको रहेको छ ।

# बाढी पीडितलाई एक करोड २१ लाख बराबरको राहत : मुख्यमन्त्री

**रासस/गण्डकी**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशमा बाढी पीडितलाई रू एक करोड २१ लाख ४६ हजार ९७३ बराबरको राहत उपलब्ध गराइएको बताउनुभएको छ । गण्डकी प्रदेशसभाको आजको बैठकमा उहाँले बर्खायामको सुरूआतसँगै गण्डकी प्रदेश र मुलुकभर बाढी पहिरोले ठूलो क्षति पुऱ्याएको जानकारी दिनुभयो । असार १ गतेयता प्रदेशमा बाढीपहिरोमा परी ३३ जनाको मृत्यु, ४४ जना घाइते र दुईजना अझै बेपत्ता भएको उहाँले बताउनुभयो । भौतिक क्षतिको विवरण सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालय मार्फत संकलन भइरहेको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले बाढी पहिराका कारण ५०२ घर, पाँच सरकारी कार्यालय, सात विद्यालय, छ सामुदायिक भवन, २५ हाइड्रोपावर, ३६ पक्की




पुललगायतमा क्षति पुग्नुका साथै १७६ ठाउँको सडकमा क्षति पुगी यातायात अवरूद्ध भएको जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रदेशमा विपद्को समयमा ७३१ घरका तीन हजार ७७० लाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ भने एक हजार २०५ घरधुरीका चार हजार ७६५ जनालाई रू ७९ लाख ६१ हजार ८९३ बराबरको जिन्सी सामग्री र रू ४१ लाख ८५ हजार

बाँकी अन्तिम पेजमा

# टिकटक बनाउँदा सेतीमा युवती बेपत्ता

**भञ्ज्याङ समाचारदाता/दुलेगौंडा**

तनहुँको शुक्लागण्डकी नगरपालिका-८, पुलचोकस्थित रक गार्डेन (सेती नदी छेउ)मा टिकटक बनाउने क्रममा खस्दा नवदुलही बेपत्ता भएकी छिन् । बेपत्ता हुनेमा लालिम माइत भएकी १९ बर्षीया पवित्रा लम्साल रहेको ईलाका प्रहरी कार्यालय बेलचौताराले जनाएको छ । पाँच दिन अघि विवाह गरेकी लम्साल दुल्हन फर्काउन माइत आएकी थिइन् । मंगलबार दिउँसोसंगै पढ्ने आफ्ना दुई साथीहरूसंगै घुम्नका लागि पुलचोक गएकी उनी साथीहरूसंग टिकटक बनाउने क्रममा अचानक चिप्लिएर बेपत्ता भएकी हुन् ।

उनी माथिल्लो काठको पुल छेउमा रहेको ढुङ्गामा उभिएकी र चिप्लिएर नदीमा खसेको उनका साथीहरूले बताएको प्रहरी निरीक्षक ज्ञानबहादुर खड्काले बताए । नदीमा खसेपछि उनका साथीहरूले प्रहरीलाई खबर गरेका थिए । अहिले स्थानीय, आफन्त र प्रहरीले बेपत्ता लम्सालको खोजी कार्य गरिरहेको प्रहरीले जनाएको छ ।

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

## सम्पादकीय

# कृषक लक्षित कार्यक्रम

तनहुँको बन्दिपुर गाउँपालिकाले पर्यटनसंगै कृषि, पशुपालनका क्षेत्रलाई पनि प्राथमिकातामा अगाडि बढाएको छ । बाख्रोको पकेट क्षेत्रका रूपमा विकास गर्ने लक्ष्यका साथ बाख्रापालन अभियान चलाइएको वडा नं. १ मा विज्ञ सहितको पशु सेवा केन्द्र सञ्चालनमा ल्याएको छ । वडा नं. १ को नाहालामा एक करोड रूपैयाँको लागतमा पशु सेवा केन्द्रको भवन निर्माण गरिएसंगै अहिले यसै केन्द्रबाट पशुको उपचार सेवा समेत सञ्चालन गरिएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालय, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको लगानीमा निर्माण गरिएको भवनमा अहिले गाउँपालिकाले पशु सेवा कार्यक्रम सञ्चालन गरेको छ । विसं २०७७ भदौदेखि निर्माण सुरू भएर चैतमा निर्माण सम्पन्न भएको पशुसेवा केन्द्रको भवनको स्वामित्व गत साउन पहिलो साता गाउँपालिकालाई हस्तान्तरण गरिएको थियो । ९८ लाख ६१ हजार ४४९ रूपैयाँको लागतमा भवन निर्माण सोही भवनबाट गाउँपालिकाको पशु सेवा शाखा पनि सञ्चालनमा ल्याइएको छ । पशुपालनलाई व्यावसायिक बनाउन गाउँपालिकाले सञ्चालन गर्दै आएको कार्यक्रम मध्ये यो केन्द्र पनि एक भएको बताइएको छ । परम्परागतरूपमा पशुपालन गर्दै आएका कृषकलाई व्यावसायिक बनाउने लक्ष्यसहित कार्यक्रम सञ्चालन गर्दै आएको गाउँपालिकाले भवन निर्माणपछि गाउँपालिकाभित्रका पशुपालक कृषकले अब पशुको उपचार सहजै प्राप्त गर्ने आशा जगाएको छ । केन्द्रमा पशु चिकित्सकसहितको दरबन्दी खटाउने र प्रयोगशालासमेत सञ्चालन हुनेभएपछि अहिले स्थानीय कृषकहरू पनि उत्साहित बनेका छन् । प्रयोगशालाका लागि आवश्यक उपकरण नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले सहयोग गर्ने भएको छ ।

गाउँपालिकामा पशु सेवा केन्द्रमा काम गर्ने दरबन्दी अभावलाई पूर्ति गर्दै उपकरणसहित सेवा प्रवाहको थालनी गर्न पशु सेवा शाखा पनि लागि परेको छ । पशुको उपचारका लागि दमौली जानुपर्ने बाध्यता अब हट्ने आशामा कृषकहरू उत्साहित छन् । सेवा केन्द्रबाट सुरूआती चरणमा यहाँबाट गोबर परीक्षण, कृत्रिम गर्भाधान लगायतका सेवा दिइने भएको छ । उक्त भवनमा छ कोठाका साथै शल्यक्रिया कक्ष र डिस्पोजल कक्ष रहेको छ । गाउँपालिकाभित्र पशुपालन गर्ने कृषकको संख्या बढ्दै गएकाले पशुको उपचारका लागि पशु सेवा केन्द्र आवश्यक खड्किरहेको थियो । भवन निर्माणका लागि सोही ठाउँ निवासी छलिमाया श्रेष्ठले एक रोपनी जग्गा गाउँपालिकालाई दान दिएपछि त्यो आवश्यकता पुरा भएको छ । वडा नं. १ लाई बाख्रा पकेट क्षेत्रका रूपमा विकास गरिएको छ । मासुमा आत्मनिर्भर बनाउने उद्देश्यसहित बाख्रा पकेट क्षेत्रका रूपमा अगाडि बढाइएको छ । यसका लागि वडाले बाख्रापालक कृषकलाई सहयोग गर्दै आइरहेको छ । बाख्रा पकेट क्षेत्रका रूपमा विकास गर्न बाख्रापालक कृषकलाई प्राविधिक तालिम, घाँसको बिरूवा र खोर सुधारका लागि वडाले सहयोग गर्दै आएको छ । व्यावसायिकरूपमा बाख्रापालनतर्फ कृषक आकर्षित भइरहेका छन् । गाउँपालिकाले पशुपालक कृषकलाई लक्ष्य गरी माउ बाख्रा वितरण, दूध उत्पादनमा प्रतिलिटर एक रूपैयाँ अनुदान, घाँस तथा औषधि वितरण लगायतका सहयोग गर्दै आएको छ । गाउँपालिकाले वडा नं. ५ मा सेवा केन्द्र स्थापना गरी पशुपालक कृषकलाई सेवा दिइरहेको छ । कृषक र कृषि क्षेत्रको विकासका लागि यस्ता सहयोगी कार्यक्रम उपलब्धी मुलक हुन्छन् । स्थानीय सरकारहरूले कृषकहरूलाई व्यवसायिक बनाउन आवश्यक पूर्वाधार र कृषक लक्षित कार्यक्रम प्रथामिकताका साथ अगाडि बढाउनु अहिलेको आवश्यकता छ ।

# परमादेशको कम्फर्टेबल सरकारलाई मिडिया कति कम्फर्टेबल ?

शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले यसै हप्ता दुई दिनको अन्तरमा २०७८ भदौं १८ र २० गते अभिव्यक्ति स्वतन्त्रतामा निषेधात्मक दुइवटा विज्ञप्ति जारी गर्‍यो । गृहमन्त्रालयले निकालेको पहिलो विज्ञप्तिमा भनियो– मित्रराष्ट्रको सहयोगमा सञ्चालित विकास आयोजना, त्यसमा कार्यरत कर्मचारी, विदेशी नागरिक र तिनको सम्पत्तिलाई लक्षित गरी सामाजिक संजाल र संचार माध्यममा आएका टिकाटिप्पणीले गृहमन्त्रालयको ध्यानकर्षण भएको छ । ..मित्रराष्ट्रको स्वाभिमानमा आँच आउने काम गर्ने मिडिया र व्यक्तिको मन्त्रालयले सुक्ष्म रूपमा निगरानी गरिरहेको छ । यदि त्यस्तो भेटे त्यसउपर सरकारले कानुन बामोजिम कार्वाही गर्ने छ । फेरि दुई दिनपछि गृह मन्त्रालयले अर्को त्यस्तै चेतावनीपूर्ण विज्ञप्ति जारी गर्‍यो । विज्ञप्तिमा 'भारतीय प्रधानमन्त्री मोदी विरूद्ध लेख्ने, नारावाजी गर्ने, पुत्ला दहन जस्ता कार्य नगर्नू । यस्तो गरेको पाइए कार्वाही गरिने छ' भनिएको छ ।

नेपाल सरकारले यस्तो विज्ञप्ति निकालेर नेपाली जनताको मुख थुन्ने आदेश दियो, यसको उत्सव भारतीय मिडियामा देखियो । एबीपी न्युजदेखि विभिन्न च्यानलले 'नेपालमा मोदी विरूद्ध बोल्नेलाई जेल'भन्ने समाचार प्रथामिकताका साथ प्रसारण र प्रकाशन गरे । नेपालीको मुख थुन्ने निषेधात्मक बाटोमा नेपालको सरकार हिड्दा भारतीय मिडियामा किन उत्साह छायो ? उसै पनि वर्तमान सरकार अदालतको परमादेशबाट गठन भएको हो । यस्तो सरकारलाई संसदमा बहुमत सुनिश्चित गर्न संसद्को ढोका बन्द गरेर अध्यादेशबाट नेकपा (एस) नामको दल जन्माइयो र त्यसको न्वारन गरेपछि संसद् फेरि बोलाइयो ।




राजनीतिक प्रणाली र पद्धतिमाथि खुलेआम आक्रमण हुँदा नेपालका मूलधारका भनिएका मिडियामा आश्चर्यजनक मौनता छ । यसरी खुलेआम राजनीतिक विकृति भित्र्याउने अध्यादेश ल्याएर दलहरूलाई तोडफोड गरेको थियो भने यस अघिको ओली सरकारकाविरूद्ध मिडियाको रवैया के हुन्थ्यो भन्ने कुराको कल्पना मात्र गर्न सकिन्छ । अहिले त नेपाली नागरिकलाई भारतीय सीमा सुरक्षाबलले तुइन काटेर हत्या गर्दा सरकार बोल्दैन । आफ्नो नागरिक मारिएकोमा विरोध जनाउँदै बोल्ने नागरिकको अभिव्यक्ति स्वतन्त्रतामाथि सरकार निषेधाज्ञा जारी गर्छ । विगतमा स–साना फण्डाहरू उत्पादन गरेर ओली सरकारलाई अभिव्यक्ति स्वतन्त्रता खोसेको, तानाशाही, निरंकुश, भष्मासुर लगायतका उपमा दिएर आगो ओकल्ने ती मिडियाहरू अहिले चुप लागेको देख्दा यिनीहरू अभिव्यक्ति स्वतन्त्रताका पक्षधर हुन् भनेर विश्वास गर्ने ठाउँ छैन ।

नेपालका मिडियाले छनोट गरेको अभिव्यक्ति स्वतन्त्रता कस्तो हो ? परमादेशको सरकारले गरेको अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देज ठीक हुने, अघिल्लो सरकारले सामाजिक संजाल नियमनका लागि संसदमा ल्याएका कानून चाहिँ निरंकुश हुने ? यहाँको अभिव्यक्ति स्वतन्त्रता कुन कुन दलको मातहत हुनु पर्ने हो ? सामाजिक सञ्जाललाई नियमन गर्न ओली सरकारले संसदमा कानून ल्याउन खोज्दा अधिनायकवाद आउने किन ? अनि अहिलेको गठबन्धन सरकारलाई तिनै मिडियाले सामाजिक सञ्जाल दर्ता नगरी चलाइएकोले अर्बौं राजश्व गुमेको भनेर कानून ल्याउन उक्साउने किन ? यस अघिको सरकारको पालामा र अहिले तिनै मिडियाले एउटै विषयमा प्रस्तुत गर्ने फरक मापदण्डले हाम्रो देशमा सत्ता गठबन्धन भन्दा मिडिया गठबन्धन नांगिएको देखिन्छ।

दर्चुलाको व्यास गाउँपालिका–२ मालघाटमा तुइनबाट महाकाली तर्ने क्रममा एसएसबीले तुइन काटिदिँदा नेपाली नागरिक जयसिंह धामी महाकालीमा बेपत्ता भए (हिमाल खबर, साउन–१५, २०७८)। यसको खोजीको लागि सरकार लागेन । सरकार यसको खोजी चाहँदैनथ्यो तर जनताको विरोधपछि बल्ल घटना अध्ययन समिति बनायो । भयो के भने भारतले अनुसन्धानका लागि ड्रोन पनि उडाउन दिएन। तर आज नेपाली सुरक्षा बेसक्याम्पमाथि भारतीय हेलिकप्टर उडिरहेको छ । यस विषयमा सरकार बोल्दैन । यस्तो अत्याचार विरूद्ध जनता बोल्छन्, सरकार बोल्न पाइँदैन भनेर अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाउँछ । मूलधारका भनिएका केही मिडिया सरकारलाई अवगाल आउने हरेक विषयको ढाकछोपमा आफूलाई सक्रिय बनाउँछन् ।

यसअघि महत्वहीन र प्रोपोगाण्डाका लागि अगाडि सारिएका विषयमा पनि मिडिया ओली सरकार बिरूद्ध भरेका बन्दुक झैँ पड्किन्थे । यहाँसम्म कि त्यसबेलाको सरकारले केही विकास कामको उद्घाटन गर्‍यो भने एउटा न एउटा खोट निकालेर विरोध गरिन्थ्यो । धरहरा बनायो– अहंकार भनेर लेख्यो । स्थानीय तहहरूमा अस्पतालहरू शिलान्यास गर्‍यो– निर्माण हुने आधार के छ ? भनेर लखेट्यो । निर्माण सम्बन्धी कुनै यस्ता कुरा थिएनन्, जसको मिडियाबाट खोट खोजेर विरोध नभएको होस् । रंगशालामा बनाउँदा विरोध, रानीपोखरी बनाउँदा विरोध, एयरपोर्ट बनाउँदा विरोध, मेलम्चीको पानी खसाल्दा विरोध, ट्रान्समिसन लाइन उद्घाटनमै विरोध, तामाकोसी आयोजनाबाट बिजुली निकाल्दा विरोध, निर्वाचन क्षेत्र जोड्ने सडक शिलान्यास गर्दा विरोध ।

तर, अहिले ? दार्चुलाका जयसिंह धामी प्रकरण, नेपाली भूमिमाथि हेलिकोप्टर उडाउँदा, उत्तरी छिमकै देशसँग नक्कली सीमा समस्या खडा गर्दा, अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउँदा, दुई महिनासम्म सरकार नै विस्तार नगर्दा, विकास निर्माणका सम्पूर्ण बजेट रोकिंदा मिडिया मौन । ओपन सेक्रेट एउटा तथ्य के हो भने नेपालमा मिडिया गठबन्धन पछिल्लो पटक सरकार ढाल्न र बनाउन निर्णायक अभियन्ता बनेर देखा परेको छ । यस्तो मिडिया सोसाइटीबाट मिडिया धर्मको अपेक्षा गर्नु उचित हुँदैन । वर्तमान सत्ता गठबन्धनकै किङमेकर पुष्पकमल दाहालले यस गठबन्धनको विशेषताबारे एउटा टेलिभिजन अन्तरवार्तामा यो गठबन्धनलाई भारतको लागि कम्फर्टेवल गठबन्धन र यो सरकारलाई कम्फर्टेवल सरकार भन्नु भएको थियो । त्यही तथ्यलाई सापट लिएर भन्नु पर्दा नेपालको मूलधारका भनिएका केही मिडिया सत्ताका कम्फर्टेवल औजार बन्न पुगेका छन् ।

प्रधानमन्त्रीले संसद अनिर्णयको बन्दी भयो, अस्थिरताको वाहक भयो भनेर नयाँ जनादेशका लागि निर्णय गर्दा नेपाली मिडियाको भाष्य थियो, त्यो प्रतिगमन हो । आज चाहे अदालतका फैसला होउन्, चाहे दल विभाजन होउन् र चाहे विकृतियुक्त अध्यादेश, चाहे संविधान विपरित सभामुखको भूमिका, के ती अग्रगमन हुन्? के यी कामले संविधानको कार्यान्वयनलाई सुदृढ गर्छ ? हिजो राष्ट्रपतिमाथि प्रधानमन्त्रीको सिफारिस कार्यान्वयन गरेकै कारण मिडिया भरूवा बन्दुक जस्ता भएर उत्रेका थिए । आज संघीय संसद् र विभिन्न प्रदेशका सभामुखको दलीय निर्देनमा चल्ने संविधान विरोधी भूमिकाबारे मौनता किन ? यसरी सेलेक्टिभ इस्युमा आफूलाई पचािलित गर्ने मिडिया समाजको आवाज बन्न सक्दैन । लोकतन्त्रको सुदृढिकरणका लागि यस्तो प्रोपोगाडिस्ट मिडिया अभिसाप हो ।

एकातिर नेपालको स्वाभिमान र स्वतन्त्रतामाथि छिमेकी भारत र शक्ति राष्ट्रको हेपाहा प्रवृत्ति कायम छ । त्यसलाई अनुकूल हुनेगरी जनादेशको सरकार ढालेर मुलुकमा परामदेशबाट सरकार बनेको छ। यस घटनालाई अग्रगमन भनेर मिडियामा हर्षबढाईं चलेको छ र भारतले मिचेको भूमि समेटेर नेपालको मानचित्र विस्तार गर्ने सरकारलाई देश भित्रै दण्डित गरिएको छ । आ□नो देशको विस्तारित नक्सा जारी गर्दै संसद्को रोष्ट्रममा उभिएर 'सत्यमेव जायते कि सिंह जयते' भन्ने प्रधानमन्त्रीलाई दण्डित गर्न र अहिलेको जस्तो कम्फर्टेवल सरकारलाई सहयोग पुर्‍याउन मात्र आमरूपमा मिडियाले आफ्नो भूमिका केन्द्रित गरेका छन् । हिजो त अधिकांश मिडिया आगो भरेका बारूद जस्ता थिए । उनीहरूको काम भनेको सरकारका काम ठाउँको ठाउँ ढलाउनु हुन्थ्यो । यो आरोप होइन मिडिया कसरी शिकारी जस्ता भएर सरकारका हरेक निर्णयमा जाइ लाग्थे, कसरी विषय तोडमोड गरेर काम नै गर्न नसक्ने बनाउँथे भनेर केही उदाहरण नै हेरौं ।

गोकुल बास्कोटा सञ्चारमन्त्री हुँनुहुथ्यो । त्यसबेला सरकारले सामाजिक संजाललाई नेपालमा दर्ता गर्ने भनेर सामाजिक संजाल निर्देशिका तयार गरेर छलफलमा पठाएको थियो। तर छलफलमा पुग्दा नपुग्दै मूलधारका भनिएका मिडियाले लेखे कि अब सरकार विरूद्ध हामीले बोल्न पाउने नै छैनौं । संजालमा अंकुश लगाउँनु भनेको हाम्रो लेख्ने हात नै भाँचिदिए बरावर हो । सरकार निरकुंश भयो (२०७७ फागुन १४ र त्यसपछिका मूलधारे मिडिया हेर्नुहोला) । यस्तो तानासाही प्रतिगामी सरकारलाई एकछिन पनि सरकारमा बसिरहने हक छैनसम्मका समाचारदेखि सम्पादकीय रातारात ठेले । मान्छेले त्यतिबेला जति कहिल्यै सुनेनन् होला निरंकुश र प्रतिगामी जस्ता शब्द । मूलधारका भनिएका मिडियामा अन्य विचारलाई निषेध त्यो बेला पो थियो । उनीहरू सरकार नढलाई चैन नै हुँदैन, ओली सरकार ढलेपछि मात्र देशमा अग्रगमन आउने वकालत गर्थे ।

एकपछि अर्को समाचार, विचार, सम्पादकीय, कार्टुन निरन्तर अभियान चल्यो । मिडियामा सबैतिर आएपछि होमा हो नमिलाउने मान्छे नै भएनन् । सडकमै क्यामेरा र कलम फालेर रूनेसम्मका नौटंकी भए । तर, अचेल कम्फर्टेवल सरकार बनेपछि तिनै मिडिया लेख्छन्, सामाजिक सञ्जाललाई दर्ता नगर्दा अर्बौको राजश्व गुम्यो। स्वतन्त्रताको यो दोहोरो मापण्ड होइन ? अन्य कानूनी वा गौरकानूनी लगानीहरूको सुरक्षाकवचका रूपमा मिडिया उद्योग फस्टाउने र यसले यस्तै व्यापारिक धन्दा चलाउने हो भने अवको युग लोकतन्त्रको अन्त्य र दलाल मिडियातन्त्रको उदयको युग हुनेछ ।

देश भित्रका मात्र हैन देश बाहिरका धम्क्याउने समूह पनि पराजित बनाएर मुलुकलाई विकासको अभियानमा अगाडि बढाइरहेका बेला कम्फर्टेवल गठबन्धन र मिडिया गठबन्धनले समाजमा भ्रमको कुहिरो लगाइरहेको छ । यसै कारण अहिले कम्फर्टेवल सरकारले त के गर्दैछ कसको लागि गरिरहेको छ त्यो 'ओपन सेक्रेट' नै भयो । त्यसमा पनि कम्फर्टेवल सरकारको कम्फर्टेवल मिडिया झनै बदनाम छ । नेपालप्रेसबाट

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
मिहिनेतले विभिन्न अवसर दिलाउनेछ । बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
फजुल खर्चले अर्थ संग्रहमा बाधा पुग्नेछ । जिम्मेवारीले व्यस्त बनाउनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
प्रेम र मित्रताको बन्धन कसिनेछ। परिवारजनको साथले उत्साह जगाउनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
द्वितीय प्रहरदेखि स्थिति अनुकूल बन्नेछ र विशेष जिम्मेवारी प्राप्त हुनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
विशेष योजना सार्वजनिक नगर्नुहोला। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
नयाँ काम प्रारम्भ गर्ने समय छ। मिहिनेतले दिगो फाइदा दिलाउनेछ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
बौद्धिक क्षमतामा निखारता आउनेछ। विचारले प्रशंसकहरु बढ्नेछन् ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
लक्ष्यअनुसार समयमै काम बन्नेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो हुनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आफ्ना कमजोरीबाट लाभ उठाउनेहरु सक्रिय हुने समय रहेकाले चनाखो रहनुहोला ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ ।

# औषधिमा आत्मनिर्भर हुन ऐन नै बाधक

**रासस**/काठमाडौं

औषधि उत्पादनसम्बन्धी विद्यमान नीति तथा कानुनमा परिमार्जन गरी अनुकूल वातावरण बन्न सकेमा देशलाई औषधिमा आत्मनिर्भर बनाउन सकिन्छ । नेपालमै औषधि उत्पादन गर्न सकिन्छ भन्ने सोचसम्म नभएको अवस्थामा आयातमुखी अवधारणा अनुसार ल्याइएको औषधि ऐन–२०३५ ले अहिले झण्डै ५० प्रतिशत हिस्सा स्वदेशी उद्योगका उत्पादनले ओगटको र कतिपय औषधि विदेशमा समेत निर्यात हुने गरेको अवस्थालाई सम्बोधन गर्न नसक्ने भन्दै ऐनलाई उत्पादन र निर्यातमुखी बनाउनुपर्ने नेपाल औषधि उत्पादक संघ (एपोन)ले माग गर्दै आएको छ ।



केही वर्षअघिसम्म करिब १० प्रतिशत मात्र स्वदेशी उत्पादन रहेकामा अहिले बढेर झण्डै ५१ प्रतिशत पुगेको र स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने सरकारी नीति र उपयुक्त वातावरण बन्न सक्यो भने छिट्टै औषधिमा ८० देखि ९० प्रतिशत आत्मनिर्भर बन्न सकिने एपोनका अध्यक्ष प्रज्वलजङ्ग पाण्डेले राससँगको कुराकानीमा बताउनुभयो। उहाँले भन्नुभयो, "मुलुकलाई आत्मनिर्भर बनाउने अभियानमा हामी छौँ, यसमा राज्यले पनि सहजीकरण गरिदिनुपर्छ । यसका लागि अनुकूल नीति र त्यसको प्रभावकारी कार्यान्वयन अहिलेको प्रमुख आवश्यकता हो । त्यसो हुनसक्यो भने यस क्षेत्रमा बाह्य लगानी र प्रविधिसमेत आकर्षण गर्न सकिन्छ।" मानिसको स्वास्थ्य जस्तो अत्यन्त महत्वपूर्ण क्षेत्रसँग जोडिएको उद्योग धन्दालाई प्रवर्द्धन गर्ने कार्यमा सरकार उदासिन हुन नहुने अध्यक्ष पाण्डेको भनाइ छ ।

एक तथ्याङ्कअनुसार नेपालको औषधि बजार करिब रू ४५ देखि ५० अर्बको छ । औषधिको बजार प्रत्येक वर्ष १८ देखि २० प्रतिशतले बढ्दै गएको उहाँको भनाइ छ । करिब रू ३० अर्ब बराबरको औषधि विदेशबाट आयात हुन्छ । औषधि उत्पादनका लागि आवश्यक जनशक्ति र आधुनिक प्रविधि भित्र्याएर आयातलाई प्रतिस्थापन गर्न सकिने र यसबाट रोजगारी सिर्जना तथा विदेशी मुद्रा सञ्चितीमा सहयोग पुग्ने उहाँको तर्क छ। कम्तीमा आधारभूत औषधि मात्रै पनि स्वदेशमै उत्पादन गर्न सकियो भने औषधिमा ८० प्रतिशत आत्मनिर्भर बन्न सकिन्छ ।

बंगलादेशले १७० देशमा औषधि निर्यात गर्ने गर्दछ । औषधि यसको राजस्वको चौंथो महत्वपूर्ण स्रोत रहेको छ । भारतमा पनि राज्यले विभिन्न ३५ शीर्षकमा विभिन्न सहुलियत दिएको छ । यहाँ भारत, चीन, बङ्गलादेश, अमेरिका, युरोपेली मुलुकबाट औषधि आयात हुन्छ । अहिले नेपालमा आयात हुने औषधिको झण्डै ८० प्रतिशत भारतबाट हुने गर्दछ । राष्ट्रिय औषधि नीति–२०५१ ले १० वर्षमा ८० प्रतिशत अत्यावश्यक औषधि स्वदेशमै उत्पादन गर्ने लक्ष्य लिएको भए पनि अहिलेसम्म कार्यान्वयनमा आउन नसकेको उहाँको गुनासो छ । उहाँले भन्नुभयो, "राष्ट्रिय स्वास्थ्य नीति–२०७१ ले गुणस्तरीय औषधि र आपूर्ति सुनिश्चिता गरी आन्तरिक उत्पादनलाई बढावा दिने र १५ प्रतिशतसम्म महँगो भए पनि नेपाली उत्पादन नै खरिद गर्न सकिने व्यवस्था गरेको थियो। तर, त्यो पनि कार्यान्वयनमा आएन।"

औषधि परीक्षणका लागि यहाँका अधिकांश उद्योगका आफ्नै प्रयोगशाला छन् । अधिकांश ती उद्योग अहिले पनि पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन्। औषधिको गुणस्तर विश्वभर नै एउटै खालको हुनुपर्दछ। अन्तर्राष्ट्रिय मापदण्डअनुसार नै हरेक औषधिको उत्पादन हुने गर्दछ। मानवीय उपचारमा प्रयोग हुने वस्तुलाई सरकारले अत्यावश्यक सेवाअन्तर्गत राखेर उत्पादनमा सहुलियत दिनुपर्ने उहाँको भनाइ छ । नेपालमै अन्तर्राष्ट्रिय गुणस्तरका औषधि उत्पादन हुने गरेको दाबी गर्दै उहाँले खुल्ला सिमानाका कारण पनि नेपालमा उत्पादन भएका औषधि छिमेकीमुलुकमा अवैध रूपमा निर्यात हुनसक्ने सम्भावना रहेकाले नेपालमै खपत हुने व्यवस्था मिलाउनुपर्ने सुझाव दिनुभयो । स्वदेशी औषधि उद्योगको संख्या र उत्पादन दुवै बढेको छ ।

विसं २०४६ मा स्थापना भएको यस सङ्घमा हाल ६६ उद्योग आवद्ध छन् भने १०/१२ वटा आवद्ध हुने प्रक्रियामा छन् । नेपाल जडीबुटीबाट उत्पादन गर्न सकिने थुप्रै आयुर्वेद तथा अन्य वैकल्पिक उपचार पद्दतिमा प्रयोग गरिने औषधिमा पनि विश्वमै अग्रस्थानमा रहेकाले त्यस्ता औषधिको उत्पादन र बजारीकरणमा पनि ध्यान दिनुपर्ने उहाँको सुझाव छ । "भारतमा पतञ्जलिले ठूलो आम्दानी गर्न सकेजस्तै नेपालले पनि हर्बल मेडिसिनबाट राम्रो लाभ लिन सक्दछ", उहाँले भन्नुभयो । लोमोस ग्रुपका कार्यकारी निर्देशक समेत रहनुभएका अध्यक्ष पाण्डेले कोही पनि नेपाली औषधिको अभावमा मर्न नपरोस् भन्ने उद्देश्यले गाउँगाउँसम्म औषधि उपलब्ध गराउन जोड दिइएको बताउनुभयो । उहाँका अनुसार सो कम्पनीले हाल हर्मोन, सुईजन्य लगायतका विभिन्न ४०० किसिमका सामान्यदेखि अत्याधुनिक खालका औषधि उत्पादन गर्ने गरेको छ। कतिपय औषधि अफ्रिका, एशियालगायत १२/१३ देशमा निर्यातसमेत हुने गरेको उहाँको भनाइ छ ।

# सोलारबाट उत्पादित विद्युत ............

स्थित भानुभक्त बहुमुखी क्याम्पसको एक सय रोपनी क्षेत्रफलको जग्गा ३० वर्षसम्मका लागि वार्षिक १३ लाख रूपैयाँ भाडा तिर्ने गरी सोलार आयोजना शुरू गरिएको सोलर फार्मका सदस्य एवं शुक्लागण्डकी उद्योग वाणिज्य संघका अध्यक्ष हरिकुमार श्रेष्ठले जानकारी गराए।

उनले भने, 'आयोजनास्थलमा १३ हजार २९६ वटा सोलर प्यानल जडान गरिएको छ । आयोजनाबाट ६.३ मेगावट विद्युत उत्पादन हुने क्षमता भएपनि अहिले प्राधिकरणसंग ५ मेगावबट विद्युतको प्रति युनिट ७.३० रूपैयाँमा खरिद बिक्री सम्झौता गरिएको छ ।' सोलार आयोजना र प्राधिकरण बीच भएको पिपिए सम्झौता अनुसार उत्पादित ५ मेगावटसम्मको विद्युत प्रति युनिट ७.३० रूपैयाँमा खरिद गरेको छ। ५ मेगावट बढीको प्रति युनिट ३.६५ रूपैयाँमा आयोजनाले बेच्ने भएको छ ।

सन् २०१७ बाट निर्माण सुरू भएको परियोजना कोभिडका कारण ढिलाइ भएको प्रालिका अध्यक्ष मोहन गुरूङले बताए । 'कोभिड संक्रमण र निषेधाज्ञाका कारण तोकिएकै समयमा विद्युत् उत्पादन गर्न सकेनौं, तर ढिलै भए पनि सोलारबाट विद्युत् उत्पादन गर्न सफल भएका छौँ', गुरूङले भने, 'सोलार आयोजना निर्माण गर्न सबैको सकारात्मक सहयोग प्राप्त भयो ।' कम्पनीले निकट भविष्यमा १५ मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएको छ । गुरूङका अनुसार म्याग्दी जिल्लामा १२ र तनहुँ जिल्लामा थप तीन मेगावाट विद्युत् उत्पादन गर्ने सोच लिइएको छ । आयोजनामा बेलायतमा बसोबास गर्ने नेपालीले स्थापना गरेको 'नेपाल कर्पोरेटिभ इन्भेष्टमेन्ट समूह'ले लगानी गरेको छ । करिब ४३ करोड रूपैयाँको लगानीमा आयोजना निर्माण सम्पन्न भएको हो । आयोजनामा डोल्मा इम्प्याक्ट फण्ड र स्थानीय केही व्यवसायीको पनि लगानी रहेको छ ।

प्रालिका प्रमुख कार्यकारी अधिकृत लेखनाथ पाण्डेले सरकारले मिश्रित ऊर्जा प्रणालीको अवधारणा ल्याएपछि सोलार परियोजना सुरू गरिएको बताए । सोलार परियोजना जलविद्युतको तुलनामा एक तिहाइ कम लगानी हुने भएपछि सोलार परियोजनालाई जोड दिइएको कार्यक्रममा पाण्डेले जानकारी गराए ।

आयोजना सञ्चालनका लागि सुरूवाती चरणमा राज्यबाट समेत राम्रो साथ नपाएपनि अहिले सहज भएको प्रालिका निर्देशक शंकरजंग गुरूङले बताए । उनले भने, 'व्यापारिक विद्युत उत्पादन गर्न विद्युत खरिद सम्झौता (पिपिए) गर्ने पहिलो सौर्य विद्युत आयोजना भएकाले प्रणालीमा आउन बढी समय लागे पनि यसपछि आउने आयोजनाका लागि बाटो सहज भएको छ ।' भारतको रेनेर्गो कम्पनीले निर्माण गरेका सोलार परियोजना नेपालकै नमूना भएको कम्पनीले जनाएको छ। विश्वका उच्च प्राविधिको उपकरण यहाँ जडान गरिएको बताइएको छ। आयोजनाबाट दैनिक करिब २४ हजार युनिट विद्युत् उत्पादन हुने बताइएको छ ।

आयोजनाले उत्पादन गरेको विद्युत् प्राधिकरणले २५ वर्षसम्म प्रतियुनिट ७.३० रूपैयाँमा खरिद गर्ने भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार गरेको 'ग्रिड कनेक्टेड सौर्य विद्युत् विकास सम्बन्धी कार्यविधि २०७४' अनुसार प्राधिकरणसँग पिपिए गर्ने यो पहिलो सौर्य विद्युत् आयोजना हो । सौर्य विद्युत आयोजनाले वार्षिक ८७ लाख ५ हजार युनिट विद्युत उत्पादन गर्ने छ । आयोजनाले उत्पादन गरेको विद्युत ५ सय मिटर दुरीमा रहेको खैरेनीटार सबस्टेसनमा जोडिएको छ । यो आयोजनाले यस क्षेत्रका पर्यटनलाई समेत विकास गर्ने आयोजनाले दाबि गर्दै आएको छ।

# अफगानिस्तानका लागि सहयोगको आव्हान

**रासस/सिन्ह्वा**/जेनेभा

अफगानिस्तानमा ठूलो मानवीय संकट आउन लागेको संयुक्त राष्ट्रसंघले जनाएको छ । संयुक्त राष्ट्रसंघले यसका लागि विश्व समूदाय गम्भीर हुनुपर्ने पनि बताएको छ । यहाँको आर्थिक अवस्था ध्वस्त भएको र ठूलो मानवीय संकट आउन लागेको भन्दै त्यहाँ आवश्यक सहयोग उपलब्ध गराउन भनिएको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले सो विषयमा विश्वको ध्यानाकर्षण गराउनुभएको बताइएको छ । सोमवार जेनेभामा आयोजित एउटा सम्मेलनमा अन्तर्राष्ट्रिय दातासँग संयुक्त राष्ट्रसंघका महासचिव गुटर्रेसले सहयोगको आह्वान गर्नुभएको हो ।

गत महिना सशस्त्र विद्रोहमार्फत् अफगानिस्तानको सत्ता तालिबानीले हातमा लिएका थिए। त्यसयता वैदेशिक सहायता पनि ठप्प भएको छ । अफगानिस्तानका नागरिकलाई तत्कालै खाना, औषधि, स्वास्थ्य सेवा तथा पछिल्लो समयमा सुरक्षित पिउने पानीको पनि समस्या रहेको संयुक्त राष्ट्रसंघले जनाएको छ । महासचिव गुटर्रेसले सो सम्मेलनमा करिब ६० करोड अमेरिकी डलरको तत्कालै आवश्यकता रहेको बताउनुभयो ।

उहाँले यो सहयोग तत्कालै उपलब्ध भएमा अफगानिस्तानका दशौं लाख मानिसलाई राहत पुग्ने पनि बताउनुभएको थियो । यहाँको पछिल्लो राजनीतिक परिवर्तनपछि नागरिक निकै नै ठूलो जोखिममा परेका भन्दै उहाँले भन्नुभयो, हामीले यहाँ यो कुरा त्यसै भनेका छैनौं कि अफगानिस्तानको अवस्था साँच्चिकै नराम्रो छ ।

अन्तर्राष्ट्रिय समुदायसँग सहयोग माग्दै संयुक्त राष्ट्रसंघले तालिबानलाई सहयताकर्मीलाई यहाँका विभिन्न स्थानमा उनीहरूले सहयोग गर्न पुगे भने उनीहरूलाई नरोक्न पनि आह्वान गरेको छ। तालिबान लडाकूले अफगानिस्तानमा नियन्त्रण कायम गर्नुअघि नै द्वन्द्वका कारण साढे पाँच लाख मानिस आफ्नो वासस्थानबाट विस्थापित भएका थिए। हाल पनि अफगानिस्तानका लाखौं नागरिक आन्तरिकरूपमा विस्थापित भएर देशभित्रै शरणार्थीको जस्तो अवस्थामा बाँच्न बाध्य भएको बताइएको छ ।

# मृगौला पीडितलाई आर्थिक सहयोग

**भञ्ज्याङ समाचारदाता**/ऋषिङ

तनहुँको ऋषिङ गाउँपालिका–८ पल्ट्याङ निवासी दुबै मृगौला खराब भएका ३६ बर्षीय खिमबहादुर नेपालीलाई उपचारको लागि साउदीबाट एक लाख बढी आर्थिक सहयोग जुटेको छ ।



ऋषिङ–८ निवासी हाल साउदीमा कार्यरत रामबहादुर नेपालीको सक्रियतामा साउदी स्थित अल्मराई कम्पनीमा कार्यरत, अलसफी र अलनाडामा कम्पनीमा कार्यरत नेपालीहरूले सहयोग गरेका हुन् ।

साउदीबाट पठाइएको एक लाख सात हजार ७५० नगद र ५५ हजार नेपाल बैकको खाता नम्बरमा जम्मा गरिएको समेत गरी कूल एक लाख ६२ हजार ७५० रूपैयाँ मृगौला पीडित खिम नेपालीलाई राष्ट्रिय दलित पत्रकार संघ तनहुँका अध्यक्ष एस.बि. नेपाली मार्फत हस्तान्तरण गरिएको छ ।

Amar Dip Shrestha
(Proprietor)
Mob. 9856020177
Dip Enterprises
Royal Dip Auto Care
Aabukhaireni-3, Tanahun
Ph : 065-540576/540482
E-mail : dipenterprises@hotmail.com
royaldip1921@gmail.com
We Deals

हाम्रा उपलब्ध सेवाहरू :
१) **डा. हेमन्त श्रेष्ठ**द्वारा दैनिक बिरामी जाँच ।
२) आधुनिक प्रयोगशाला द्वारा रगत, दिशा, पिसाबको परिक्षण ।
३) भिडियो एक्सरे सेवा । ४) प्रत्येक हप्ता शनिबार विशेषज्ञ सेवा ।
५) ई.सि.जी सेवा । ६) ड्रेसिङ्, सुचरिङ् र प्लास्टर सेवा ।
७) गुणस्तरीय फार्मेसी सेवा ।
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास–२, दमौली तनहुँ। फोनः ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

किसान भेटेरिनरी सप्लायर्स
व्यास–२, मिनराज कम्प्लेक्स, भोर्लेटारचोक (शहिद गेट)
सम्पर्क : ९८५६०१०६२२, ९८४६०८७२६३, ९८४८४४७५७६
हाम्रा सेवाहरू
- पशुपंक्षीका लागि भ्याक्सिन तथा औषधी
- गाईभैसी, बंगुर, माछा, बाख्राको दाना/चोक्कर
- घर–घरमा पशुसेवा तथा परामर्श सेवा
- कुकुरका लागि आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरू ।

विभिन्न साईजका स्क्रीनिङ् तथा रिफाईनिङ् गिट्टी, बालुवा, अत्याधुनिक स्वचालित मेशिनबाट उत्पादित कंक्रिट ब्लक, कुटेको गिट्टीहरू चाहिएमा सेवा गर्ने अवसर अवश्य दिनुहोला । साथै होम डेलिभरिको पनि व्यवस्था छ ।
प्रो. कोपीलाल गुरूङ्ग
श्री छिम्केश्वरी रोडा, ढुङ्गा एण्ड ब्लक उद्योग
आँबुखैरेनी–४, नारीघाट, तनहुँ
मो. ९८५६०२५५६२, ९८०२८२५५६२, ९८४२३९३०३२, अफिस : ९८०२८०४७०८
JCB ब्याक्हु लोडर, डोजर, स्काईभेटर, टिप्पर, ट्र्याक्टर भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् । सम्पर्क : ९८२५१६०२३२

गिट्टी, ढुङ्गा, फिल्टर बालुवा, ग्रावेल, चिफ ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् । साथै हामीसंग जे.सि.बि., टेक्टर, टिपर, ट्रक, स्काभेटर भाडामा पाईन्छ ।
मेख बहादुर गुरूङ ९८१६६०१५८५
शेर बहादुर गुरूङ ९८५६०६०१५७
दिपक गुरूङ ९८४६०५५३५५
एस.जि. रोडा ढुङ्गा एण्ड ब्लक उद्योग
आँबुखैरेनी–६, मिलनचोक, तनहुँ

के तपाई गुणस्तरी फर्निचर तथा ब्लक खोजीमा हुनुहुन्छ
कुसुम फर्निचर तथा सुरज काष्ठ उद्योग
बन्दिपुर–१, डुम्रेबजार



यहाँ फर्निचर सम्बन्धी हरेक किसिमको सामान पाउनुका साथै अर्डर अनुसार तयार पनि गरिन्छ ।
बन्दिपुर ठूलोढुङ्गा ब्लक उद्योग
बन्दिपुर–४, डुम्रे
प्रो. घनश्याम श्रेष्ठ
९८५६०२७८३०, ९८४६०८५३२५
हामीकहाँ ब्लक, टायल, इन्टरलक इट्टा सुपथ मूल्यमा पाइनुका साथै डेलिभरीको पनि व्यवस्था छ ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७८ भदौ ३०, बुधबार
September 15, 2021

# रोटरीद्वारा विद्यार्थीलाई पोशाक र शैक्षिक सामग्री

**भञ्ज्याङ समाचारदाता/दमौली**

रोटरी क्लब अफ दमौलीले राष्ट्रिय बाल दिवसको अवसरमा विद्यार्थीलाई विद्यालय पोशाक तथा शैक्षिक सामग्री वितरण गरेको छ। क्लबले व्यास नगरपालिका–१३ तिवारी भञ्ज्याङ स्थित सितला प्राविका विपन्न पारिवारका बालबालिकालाई ट्र्याक–सुट, जुत्ता, मोजा लगायतका विद्यालय पोशाक, ब्याग, कापी, कलम लगायतका शैक्षिक सामग्रीका साथै खाजा पनि वितरण गरेको रोटरी क्लब अफ दमौलीका सचिव बिना कैनीले बताइन् ।

विद्यालयमा अध्ययनरत जम्मा १८ जना आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाको पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले सहयोग सामग्री वितरण गरिएको क्लबका अध्यक्ष दिनेशकुमार श्रेष्ठले बताए । सदरमुकामको नजिकै भएर पनि बत्तिमुनीको अँध्यारो जस्तै अनुभूति दिलाउने उक्त विद्यालयको नाजुक अवस्थालाई मध्यनजर गर्दै रोटरीले सहयोग निरन्तर जारी राख्ने अध्यक्ष श्रेष्ठले प्रतिवद्धता व्यक्त गरे ।




कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष एवं संविधान सभा सदस्य रामचन्द्र पोखेलले रोटरीबाट प्राप्त सहयोगले वालवालिका र विद्यालय परिवारलाई थप हौसला मिल्ने विश्वास व्यक्त गरे । साथै पोखलले भविष्यमा पनि विद्यालयलाई रोटरी क्लब दमौलीको सहयोग निरन्तर रहने प्रतिबद्वता व्यक्त गरे ।

यसैबीच पुर्व अध्यक्ष हरिसिं गुरूङले वाल दिवस मनाउनको उद्देश्य र सार्थकताका बारेमा प्रष्ट गर्दै बालबालिकाको उज्वल भविष्यको कामना गरेका थिए ।

वडा सदस्य एकराज तिवारीले रोटरी क्लबले आफ्नै अगुवाईमा विद्यालयको आवश्यकता पहिचान गरी सहयोगको लागि पहलकदमी चालेकोमा आभार व्यक्त गरे । उक्त विद्यालयका प्रधानाध्यापक गजेन्द्रराज पन्तले विद्यालयले विस्तारै भौतिक पुर्वाधार तथा विद्यार्थी संख्या बढाउँदै लगेको भएपनि सन्तोषजनक उपलब्धी नभएको बताए । साथै रोटरी क्लबको सहयोगले विद्यालय परीवारलाई थप उर्जा दिएको बताए।

सोही अवसरमा सचिव कैनीले रोटरी क्लबले सेप्टेम्बर महिनाभरी शिक्षा तथा साक्षरता सम्बन्धी विभिन्न कार्यक्रमहरू जारी राख्ने र सोही सन्दर्भमा बाल दिवसको मौका पारेर यस विद्यालयमा सहयोग गरेको बताइन । साथै रोटरी क्लब दमौलीले मंगलबारै व्यास सामुदायिक सिकाइ केन्द्रका बालबालिकालाई खाजा, मास्क तथा ब्रोक स्क्रिप्ट शैक्षिक सामग्री हस्तान्तरण गरेको छ ।

# भानुमा आधारभूत आवश्यकता सम्बन्धी अन्तरक्रिया

**भञ्ज्याङ समाचारदाता/भानु**

तनहुँको भानु नगरपालिकामा मंगलबार शिक्षा, स्वास्थ्य, खाद्य र आवास लगायतका आधारभूत आवश्यकताका विषयमा स्थानीय सरकार र सरोकारवाला विच अन्तरक्रिया गरिएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले मानवअधिकार संरक्षण र सम्बर्धनका लागि राज्यको जवाफदेहिता तथा जनताको सहभागिता अभिबृद्धी परियोजना अन्तर्गत उक्त कार्यक्रम गरेको हो।

कार्यक्रममा भानु नगरपालिकाका बरिष्ठ अधिकृत शुनिल पाण्डेले शिक्षा, स्वास्थ्य, खाद्य र आवास नगरपालिकाको प्राथमिकतामा रहेको बताए । पाण्डेले संविधानले मौलिकहकको रूपमा व्यवस्था गरेको यी विषयहरूलाई नगरपालिकाले उच्च प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै आएको बताए ।



आधारभुत विद्यालयमा दिवा खाजा, आधारभुतदेखि माथिल्लो तहका सबै विद्यालयमा सेनेटरी प्याडको उपलब्धता, आधारभुत विद्यालयमा स्मार्ट टिभीको व्यवस्था, कृषकलाई आधुनिक कृषि औजारको व्यवस्था गरिएको तथा दुध र अण्डामा नगरपालिका आत्मनिर्भर भएको पाण्डले जानकारी गराए ।

नगरपालिकाले चालु आर्थिक वर्षमा संचालन गरेको शिक्षा, स्वास्थ्य, खाद्य र आवाससँग सम्बन्धित कार्यक्रमको बारेमा कार्यपत्र प्रस्तुत गर्दै नगरपालिकाका बरिष्ठ अधिकृत पाण्डेले शिक्षा, स्वास्थ्य, खाद्य र आवाससँग सम्बन्धित कार्यक्रम र योजनाहरूलाई प्राथमिकतामा राखि सम्पन्न गर्ने र नीतिहरू बनाउँदा पनि त्यसैलाई नै प्राथमिकतामा राख्ने गरेको बताए ।

उक्त कार्यक्रममा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख ऐश्वर्यचन्द्र भट्टराई, कृषि शाखा प्रमुख प्रताप पाण्डे, शिक्षा शाखाका श्रोत व्यक्ति श्रीकृष्ण त्रिपाठी, पशु शाखाका प्राविधिक धनबहादुर कुमालले सहभागीको जिज्ञासाको उत्तर दिई आ–आफ्नो शाखाले सम्पादन गर्दै आएका कार्यक्रमको विषयमा सहभागिलाई जानकारी गराएको इन्सेक प्रतिनिधि प्रकाशचन्द्र भट्टराईले जानकारी गराए ।

# बाढी पीडितलाई एक करोड ........

नगद राहत वितरण गरिएको छ। हिमाली जिल्ला मनाङ सुरूमै प्रभावित भएपछि आफू स्वयं राहत सामग्रीसहित सदरमुकाम चामे पुगेको उहाँले स्मरण गराउनुभयो। विपद् व्यवस्थापनमा तीन तहकै सरकार खटेर राहत तथा उद्धारमा लागेको उल्लेख गर्दै उहाँले विपद्‌बाट निधन हुनेको परिवारलाई संघका तर्फबाट रू दुई लाख, प्रदेश सरकारबाट रू ५० हजार राहत उपलब्ध गराइएको र बेपत्ताका परिवारलाई समेत तत्काल राहत, खाद्यान्नका लागि प्रतिपरिवार रू १५ हजार, अस्थायी आवासका लागि रू २५ हजार, उपचार खर्च रू ५० हजार प्रदेश सरकारले उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो । बाढी पहिरोले घर पूर्ण क्षति भएकालाई प्रदेश सरकारले प्रतिपरिवार रू एक लाख उपलब्ध गराउने व्यवस्था पहिलेदेखि रहे पनि कार्यान्वयनमा नआएको बताउँदै उहाँले वर्तमान सरकारले क्षतिको विवरण संकलन गरी जिल्ला प्रशासन कार्यालय मार्फत यो रकम उपलब्ध गराउने कार्य अगाडि बढाइसकेको जानकारी दिनुभयो ।

दुर्गम र हिमाली जिल्ला मनाङमा पूर्ण क्षति भएका घरका लागि रू एक लाख थप गरी रू दुई/दुई लाख उपलब्ध गराउने निर्णय भइसकेको उहाँको भनाइ छ । लघु जलविद्युत् आयोजनामा पुगेको क्षतिबाट मनाङ सदरमुकाम चामेसहित कयौं बस्ती लामो समय बिजुलीविहीन भएपछि तत्काल सोलारको प्रबन्ध गरिनुका साथै मनाङ र गोरखाको चुमनुब्रीमा खाद्यान्नको अभाव हुन नदिन यथाशक्य प्रयास गरिएको उहाँको भनाइ छ । अविरल वर्षाबाट हुने क्षति रोक्न बर्खाअगावै र बर्खाको सुरूमा सबै जिल्लामा ग्याबियन जालीका लागि रू २० लाखका दरले रकम निकासा गरिनुका साथै ८५ वटै पालिकालाई रू पाँच लाखका दरले प्रदान गरिएको र आवश्यकता अनुसार विपद् व्यवस्थापन कोषमा रकम पनि थप गर्दै गइएको मुख्यमन्त्री पोखरेलको भनाइ छ ।

संवैधानिक र कानूनी व्यवस्थाको परिपालना गर्दै सरकार बनेको पर्सिपल्ट नीति तथा कार्यक्रम र त्यसको भोलिपल्ट बजेट प्रस्तुत गरिएको स्मरण गर्दै उहाँले यसका लागि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेबाट सदासयतापूर्ण सहयोग भएको भन्दै धन्यवाद व्यक्त गर्नुभयो। गत आर्थिक वर्षभन्दा बजेटको आकार घट्नु, अघिल्लो सरकारले प्रस्ताव गरेभन्दा आठ अर्ब कमको बजेट ल्याउनुपर्ने बाध्यकारी अवस्थाका कारण कतिपय कार्यक्रम छुटेको उहाँको भनाइ छ। सरकार अविछिन्न उत्तराधिकारी संस्था भएको बताउँदै उहाँले अघिल्लो सरकारले थालेका कार्यक्रमलाई निरन्तरता दिनु वर्तमान सरकारको दायित्व भएको र पूर्ववर्ती सरकारद्वारा सञ्चालित एक निर्वाचन क्षेत्र एक सडक, एक घर एक धारा, उज्यालो प्रदेश आदि कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिइएको जानकारी गराउनुभयो ।

सिँचाइ, पशुको पूर्ण खोप, जग्गा चक्लाबन्दी, हरितपार्क, पदमार्ग निर्माण, होमस्टे, पोखरा प्राणी उद्यान जस्ता कार्यक्रम पनि प्राथमिकतामै रहेको मुख्यमन्त्री पोखरेलको भनाइ छ। सरकारले स्वास्थ्य तथा जनसंख्या र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको बजेटमा उल्लेख्य वृद्धि गर्नुका साथै प्रदेश मातहतको संक्रामक तथा सरूवा रोग अस्पताल, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र गण्डकी विश्वविद्यालयको भवन निर्माणको काम सुरू भइसकेको र प्रदेश सभा भवन निर्माणका लागि यसै आर्थिक वर्षमा प्रशासनिक प्रक्रिया पूरा मुख्यमन्त्री पोखरेलले जानकारी गराउनुभयो ।

बजेटको सीमितताका कारण सालबसाली कार्यक्रमअन्तर्गतका महत्वपूर्ण योजनालाई निरन्तरता दिन नसकिएको स्मरण गराउँदै उहाँले संघ सरकारबाट थप स्रोत प्राप्त भएसँगै आयोजना व्यवस्थापन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । बोलपत्र भइसकेका योजना, क्रमागतमा रहेका आधारभूत र एक घर एक धाराका छुटेका कार्यक्रम कार्यान्वयनमा जाने, ठेक्कामा लागिसकेका, निर्माणाधीन अवस्थाका तर वार्षिक विकास कार्यक्रममा समावेश नभएका झोलुङ्गे पुललाई बजेट व्यवस्थापन गरिने उहाँले जानकारी दिनुभयो।

डीपीआर भएका झोलुङ्गे पुल, सडक, पुल, खानेपानी, सिँचाइ, भवन लगायतका योजना प्राथमिकीकरण गरी उपलब्ध बजेटका आधारमा कार्यान्वयनमा लैजाने र अबन्डा रहेका कार्यक्रमलाई सहमतीय कार्यविधिका आधारमा कार्यक्रम छनोट गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो । बैठकमा प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभा समक्ष प्रस्तुत गर्नुभयो ।

त्यस्तै शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभामा प्रस्तुत गर्नुभयो । बैठकमा गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सैद्धान्तिक छलफलमा सदस्यले भाग लिनुभयो भने शून्य समयमा अधिकांशले प्रदेशका विभिन्न स्थानमा बाढी पहिरोले पारेको प्रभावलगायतमा आ–आफ्ना धारणा राख्नुभयो ।

## facebook twitter



**सिर्जु शाह**
twitter.com/srijushah

कसैप्रती हृदयमा गहिरो राग छ या केही कुराको असाध्यै लोभ वा मोह छ भने मनमा ज्वरो ल्याउँछ, त्यो ज्वरो त्यस्तै हो जुन मदिरा वा नशाजन्य पदार्थले ल्याउने गर्छ । त्यसपछी मानिस होशमा हुँदैन र जति सम्हाल्न खोजे पनि उसका कुराहरू बाहिर प्रस्फुटन भै रहन्छन् ।



**मदन कुमार**
twitter.com/Madankkharel

जीवन संघर्षको कुनै पनि मोर्चाहरूमा आफूभित्र कमजोरी भए पनि कमजोर भएको कहिल्यै महसुस हुन दिनै हुन्न, किनकि त्यही कमजोरीको फाईदा उठाउँदै हामीसंगैको प्रतिष्पर्धी धावकहरू अगाडि जाने हुन, उच्चतम सफलताको सर्बोत्तम कडि पनि यहि नै हो..!



**कमल कुवँर**
twitter.com/KamalKu97234244

मृत्यु एक मात्र त्यस्तो ऋण हो, जुन धनी गरीब, सानो ठूलो साना जाती ठूला जाती सबैले एक न एक दिन चुकाउनै पर्छ । त्यसैले दुई दिन सबै सँग मिलेर ज्यूने कोशिश गरौं ।



**सन्देश घिमिरे**
twitter.com/sandeshghimire4

मानसिक स्वास्थ्य निकै गम्भीर र संवेदनशील विषय हो । यसको समयमै उपचार नहुँदाको परिणाम यस्तो भोग्नु पर्यो । त्यसैले मानसिक रोगलाई पनि अरू रोग सरह उपचार गर्ने र खुलेर कुरा गर्ने वातावरण सृजना गर्नु पर्छ । कसैलाई पनि मानसिक रोगी हो भन्दैमा तुच्छ शब्द प्रयोग गर्नु यति सम्म जोखिमपूर्ण हुन्छ ।

# राप्रपा तनहुँको प्रदेश अध्यक्ष चयन

**भञ्ज्याङ समाचारदाता/दमौली**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तनहुँले प्रदेश निर्वाचन क्षेत्र नं. १ क र ख का साथै निर्वाचन क्षेत्र नं. १ को क्षेत्रीय पदाधिकारीहरू चयन गरेको छ ।




राप्रपा तनहुँको क्षेत्री अध्यक्षमा दुर्गाबहादुर गुरूङ, निर्वाचन क्षेत्र नं. १ कको प्रदेश अध्यक्ष तीर्थराज पौडेल र ख को प्रदेश अध्यक्षमा दुर्गाबहादुर पन्थ चयन गरिएको बताइएको छ ।

प्रदेश र क्षेत्रीय भेला पश्चान निर्वाचन संयोजक प्रेमबहादुर गुरूङको अध्यक्षतामा बसेको बैठकमा राप्रपा उच्चस्तरीय कार्य सम्पादन समिति सदस्यहरू राजेन्द्रबहादुर अधिकारी, दुर्गा श्रेष्ठ, केस गौमाया श्रेष्ठ, जिल्ला अध्यक्ष विनोद घर्ती, क्षेत्रीय, प्रदेश, पालिकाका पार्टी अध्यक्षाहरूको सहभागिता रहेको बताइएको छ । उक्त बैठकले भदौ ३१ गते वरिष्ठ नेता एवं पूर्व मन्त्री बिक्रम पाण्डेको उपस्थितिमा जिल्ला अधिवेशन गर्ने निर्णय गरेको छ।

राप्रपा तनहुँको नेतृत्वका लागि विनोदकुमार घर्ती, कृष्ण पौडेल, सिता थापा र गिरीबहादुर परियार लगायत आकांक्षी रहेको पार्टीले जनाएको छ।




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६०९०७, ९८५६०६०३७६
www.bhanjyangnews.com
Email : bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४